नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई, चितवन

**प्रस्ताव आव्हान सम्वन्धी सूचना**

**सूचना प्रकाशित मिति: २०८१।०५।१४**

आ.व. २०८१।८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई, चितवन अन्तर्गत निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले यस परियोजनामा सूचिकृत वा सुचिकृत हुन चाहने इच्छुक कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म/कम्पनीहरुले आवश्यक कागजात सहित मिति २०८१।०६।०६ गते भित्र यस कार्यालयमा तोकिएको ढाँचा (परियोजना कार्यान्वयन म्यानुअल https://pmamp.gov.np/publications मा हेर्न र डाउनलोड गर्न सकिने) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि परियोजना कार्यान्वयन एकाई, चितवनमा वा सुचनामा दिईएको सम्पर्क नं मा सम्पर्क गर्न सकिनेछ।

| क.स | कार्यक्रमको नाम | एकाई | लक्ष्य | स्वीकृत बजेट रु लाखमा | कार्यक्रम अनुदान बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रम | पटक | ४ | १७ | कृयाकलाप अनुसार ५०-८५ प्रतिशत सम्म अनुदान | |

**प्याज प्रवर्द्धन कार्यक्रमका लागि विभिन्न कृयाकलापहरूको लागि माग गर्न सकिनेछ-** प्याजको नर्सरी स्थापना, प्याजको गानो उत्पादन, व्यावसायिक प्याज खेती प्रदर्शनी, प्याजको जातीय परीक्षण तथा तुलनात्मक अध्ययन

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) रु. १० को टिकट सहित माग निवेदन ।

(२) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति र कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि

(३) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको र निर्माण पूर्वाधारको लागि १० वर्षको सम्झौतानामा ।

(४) कार्य समितिको निर्णयको प्रतिलिपि।

(५) स्थायी लेखा नम्वर (PAN) दर्ताको प्रतिलिपी ।

(६) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।

(७) परियोजना कार्यान्वयन इकाईबाट उपलव्ध गराइएको ढाँचामा लागत अनुमान सहितको कार्यक्रम प्रस्तावना ।

(८) अन्य निकायहरुबाट सोही प्रकृतीको कामबाट लाभान्वित नभएको र दोहोरो नपर्ने प्रतिवद्धता ।

**विस्तृत जानाकारीको लागि :**

परियोजना कार्यान्वयन एकाई, भरतपुर, चितवन; सम्पर्क नं. ०५६-४९३३१२, ९८४५०२९२७६ (कालिका कोईराला, कृषि विज्ञ),
जोन प्राविधिक एकाई मकवानपुर ०५७५९०४१८ ९८६७१५५६७४ (सुमन खनाल, कृषि अधिकृत), Email:pmamp.piu.chitwan@gmail.com

**पुनश्च:** जोन क्षेत्र अन्तरगत सूचिकृत हुन इच्छुक समूह/सहकारी/जल उपभोक्ता समूह/फर्म/कम्पनीहरुले कार्यालयबाट निर्धारित फाराम लिई सूचिकृत हुन सक्नुहुनेछ । यस आ.व..का कार्यक्रमहरुमा माग आवेदन फारम पेश गर्न सूचना प्रकाशन भई आवेदन/माग फारम बुझाउने अन्तिम मिति सम्म सूचिकृत भई आवेदन/माग पेश गर्नु पर्नेछ ।